# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## अजिरकोट गाउँपालिका
## गोरखा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश )

पत्र संख्याः २०७८।७९
च.नं. ३४

मितिः २०७९।३।२५

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गोरखा ।

**कैफियत सहितको राय**

हामीले अजिरकोट गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.९६ लाख ९ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.२९ लाख ११ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१३ लाख २५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३६ लाख ४८ हजार, नियमित गर्नुपर्ने रू.१७ लाख २६ हजार रहेको छ । गतवर्ष रू.६ करोड ७६ लाख ५६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.६ करोड ८४ लाख ४५ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। पालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

अजिरकोट गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३५ | ७४ | ९६०९ | - | ८ | २९११ | ३५ | ६६ | ६६९९ | १३२५ | १७२६ | ३६४८ | - | - | ५३७४ | - |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ६७६५६ | - | ५९१० | ६१७४६ | - | ६६९९ | ६८४४५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : अजिरकोट गाउँपालिका, गोरखा , अजिरकोट गाउँपालिका , गोरखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुरेश दवाडी | २०७८-२-१४ | |
| कार्यालय प्रमुख | लोकेन्द्र बहादुर ज्ञवाली | २०७७-४-१ | |
| कार्यालय प्रमुख | भेष राज आचार्य | २०७८-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सरिता डुम्रे | २०७६-९-१ | |
| | | **बेरुजु रकम** | ९,६०९,४२२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १३,७३,९३,४३३.३६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३१,०८,६८,०४४ | चालु खर्च | ९८,१६,०९,१६७ |
| प्रदेश सरकारबाट अनुदान | १,९७,३३,००० | पूँजीगत खर्च | १४,०२,५६,५९३ |
| राजश्व बाँडफाँट | ५,७७,८९,९३५.२९ | वित्तीय/अन्य व्यवस्था | ६०,७८,२३४.४ |
| आन्तरिक आय | ३१,८०,६६०.७२ | | |
| अन्य आय | ५६,४२,८१६.५२ | | |
| कुल आय | ३९,७२,१४,४५६.५३ | कुल खर्च | १,१२,७९,४३,९९४.४ |
| बाँकी मौज्दात | | १०,६६,६३,८९५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७८।१०। २१ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, ३० सभा सदस्य, १९८।०५ वर्ग किलोमिटर क्षेत्रफल तथा १४८०२ जनसंख्या रहेको छ । | |
| ३ | | | **सञ्चितकोषको हिसाबः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः | |

| आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ३८,३०,८४,३५१.२० | ३१,७६,६६,२९१.५३ | | ३१,७६,६६,२९१.५३ | ३१,८८,३१,८५०.५५ | | ३१,८८,३१,८५०.५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३८,११,५५,५०० | ३१,२०,२३,४७५.०१ | ० | ३१,२०,२३,४७५.०१ | ३०,८१,३७,३९५.०६ | ० | ३०,८१,३७,३९५.०६ |
| ११००० कर | ११ | ६,८७,७३,९०० | ५,८४,९५,९५९.७९ | ० | ५,८४,९५,९५९.७९ | ४,३२,९८,७०३.८७ | ० | ४,३२,९८,७०३.८७ |
| १३००० अनुदान | | ३०,८९,३१,६०० | २५,१०,५२,८७९ | ० | २५,१०,५२,८७९ | २५,९४,६०,००० | ० | २५,९४,६०,००० |
| संघीय सरकार | १२ | २८,६७,४१,६०० | २३,१३,६२,८७९ | ० | २३,१३,६२,८७९ | २४,२३,४०,००० | ० | २४,२३,४०,००० |
| प्रदेश सरकार | १२ | २,२१,९०,००० | १,९६,९०,००० | ० | १,९६,९०,००० | १,७१,२०,००० | ० | १,७१,२०,००० |
| १४००० अन्य राजस्व | | ३४,५०,००० | २४,७४,६३६.२२ | ० | २४,७४,६३६.२२ | ५३,७८,६९१.१९ | ० | ५३,७८,६९१.१९ |
| ख. अन्य प्राप्ति | | १९,२८,८५१.२० | ५६,४२,८१६.५२ | | ५६,४२,८१६.५२ | १,०६,९४,४५५.४९ | | १,०६,९४,४५५.४९ |
| वितरण गर्न बाकी राजस्व | | ० | १३,२६,७०६ | ० | १३,२६,७०६ | २,९१,६८३ | ० | २,९१,६८३ |
| कोषहरु | | १९,२८,८५१.२० | २९,२८,८५१.२० | ० | २९,२८,८५१.२० | ५२,१३,६१२.८२ | ० | ५२,१३,६१२.८२ |
| धरौटी | | ० | १३,८७,२५९.३२ | ० | १३,८७,२५९.३२ | ५१,८९,१५९.६७ | ० | ५१,८९,१५९.६७ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५१,१५,३९,९९९.२८ | ३४,८३,९५,८२९.४७ | | ३४,८३,९५,८२९.४७ | २७,८३,९५,९५४.१० | | २७,८३,९५,९५४.१० |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५०,९६,११,१४८.०८ | ३४,२३,१७,५९५.०७ | | ३४,२३,१७,५९५.०७ | २७,३३,८४,८६८.४८ | | २७,३३,८४,८६८.४८ | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १३,३६,८३,००० | १२,४५,७४,५९८.३० | ० | १२,४५,७४,५९८.३० | ११,१६,५६,९३०.५० | ० | ११,१६,५६,९३०.५० | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,९३,३७,९०० | ६,६८,३८,८४०.७८ | ० | ६,६८,३८,८४०.७८ | ४,०९,२९,८३६.९० | ० | ४,०९,२९,८३६.९० | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | ४३,९०,००० | ३१,०५,१०५ | ० | ३१,०५,१०५ | ११,०७,०६० | ० | ११,०७,०६० | | |
| | | | | २६००० अनुदान | १८ | ९,३१,३५० | ९,२६,११० | ० | ९,२६,११० | १,१२,१८,३५० | ० | १,१२,१८,३५० | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८ | ० | ० | ० | ० | १६,०८,१८९ | ० | १६,०८,१८९ | | |
| | | | | २८००० अन्य खर्च | १८ | १,३९,०५,८९८.०८ | १,३६,१६,३४८.०८ | ० | १,३६,१६,३४८.०८ | १७,२४,७३७ | ० | १७,२४,७३७ | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २२,७३,६३,००० | १३,३२,५६,५९२.९१ | ० | १३,३२,५६,५९२.९१ | १०,५१,३९,७६५.०८ | ० | १०,५१,३९,७६५.०८ | | |
| | | | | घ. अन्य भूक्तानी | | १९,२८,८५१.२० | ६०,७८,२३४.४० | | ६०,७८,२३४.४० | २७,८३,९५,९५४.१० | | २७,८३,९५,९५४.१० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | | १९,२८,८५१.२० | ९,९६,९९९ | ० | ९,९६,९९९ | ४२,८४,७६१.६२ | ० | ४२,८४,७६१.६२ |
| धरौटी | | ० | ५१,६१,६८७ | ० | ५१,६१,६८७ | ७,२६,३२४ | ० | ७,२६,३२४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | -८०,४५१.६० | | -८०,४५१.६० | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (१२,८४,५५,६४८.०८) | (३,०७,२९,५३७.९४) | | (३,०७,२९,५३७.९४) | ४,०४,३५,८९६.४५ | | ४,०४,३५,८९६.४५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १३,७३,९३,४३३.३६ | | १३,७३,९३,४३३.३६ | ९,८७,२७,३५३.११ | | ९,८७,२७,३५३.११ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१२,८४,५५,६४८.०८) | १०,६६,६३,८९५.४२ | | १०,६६,६३,८९५.४२ | १३,९१,६३,२४९.५६ | | १३,९१,६३,२४९.५६ |
| बैंक तथा नगद बाकी | २४ | | १०,५८,२४,२३८.४२ | | १०,५८,२४,२३८.४२ | १४,६८,९५,९७४.८० | | १४,६८,९५,९७४.८० |

गाँउपालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः

| सि.नं. | खर्च शिर्षक | बजेट | निकासा/खर्च |
|---|---|---|---|
| १ | ३७०००११६४-एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ७००००००. | ७०००००० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २ | ३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण | ६९३९६०००. | ६९१२९२८६. | | |
| | | | | ३ | ३६५००१०४३-स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ३५०००००. | ३३७५८७९. | | |
| | | | | ४ | ३१४०००११३-आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४३०००. | ४३०००. | | |
| | | | | | जम्मा | ७९९३९०००. | ७९५४८१६५. | | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाइएन<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ खरिद अनुसार गुरुयोजना खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । | |
| ४.२ | | | • सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखे राखेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.३ | | | • म. ले. प. फाराम नं ९०६ बमोजिम सवारी साधन मर्मतको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । | |
| ४.४ | | | • भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको भएतापनि म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख खाता राखेको पाइन । | |
| ४.५ | | | • म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका बेरुजुका निम्न फारमहरु अद्यावधिक गरी राखेको पाइएनः<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख | |
| ५ | | | **आन्तरिक नियन्त्रण तर्फ**<br>• गाउँपालिका बाटगरिएका निर्माणा कार्यहरु मध्य अधिकाम्स योजनाहरुमा गुणस्तर परीक्षण र निरीक्षण गरेको पाइएन । साथै उपभोक्ता समितिहरुले गरेको निर्माणमा गुणस्तर परीक्षण भएको पाइएन । | |
| ६ | | | **वित्तीय विवरण परीक्षणः** | |
| ६.१ | | | • आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | • निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गरेको छ । | |
| ६.३ | | | **वित्तीय विवरण विश्लेषणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>• गत वर्षको जिम्मेवारी धरौटी तर्फ रु. ६८९५६५८।६७ देखाएकोमा SUTRA को अनुसूची १५ मा रु. ६९२८६५८।६७ देखाइ रु. ३३००० फरक देखाएको छ । त्यस्तै सञ्चितकोषमा जिम्वारी सार्नुपर्ने रु. १३०४६४७७४।७० देखाएको मा SUTRA को अनुसूची १५ मा रु. १३७३९३४३३।३६ देखाइ रु. ६९२८६५८।६६ फरक देखाएको छ ।<br>• आर्थिक वर्षको अन्त्यमा बाँकी नभएको कर्मचारी पेश्की रकमलाई म.ले.फा.नं. २७२ वित्तिय प्रतिवेदनको अनुसूची २३ मा रु. १५०००।- देखाएबाट पेश्की रकम बढी देखाएको पाइयो ।<br>तसर्तः सुत्रबाट तयार भएको वित्तिय प्रतिवेदन म.ले.प.फा.नं. २७२ ले आर्थिक कारोबारको यथार्थ र सही चित्रण गरेको छैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ६.४ | | | **जिम्मेवारी फरक परेकोः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१३०४६४७७४।७० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१३७३९३४३३।३६ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.७९२८६५८।६६ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.७९२८६५८।६६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **कानून निर्माण एवं कार्यान्वियनः**<br>**कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ६ ऐन, २ नियमावली, ७ कार्यविधि ३ निर्देशिका र आचार संहिता १ समेत १९ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| ८ | | | **बजेट तथा कार्यक्रमः** | |
| ८.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री चन्द्रमाया गुरुङले २०७७।३।१० गते रु. ४७ करोड ९१ लाख २० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१० मा पारित भएको छ । यसैगरी हिउदे अधिवेशनले उक्त बजेटमा २ करोड २४ लाख थप गरिएको र सर्सतबाट थप भएको रु. ९२ लाख ४१ हजार समेत रु. ३ करोड १६ लाख ४१ हजार थप भई रु. ५१ करोड ७ लाख ६१ हजार कायम भएको छ । स्थानीय तहका प्रमुखले २०७७।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८.२ | | | **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १ करोड ९ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७७।११।२६ र २०७७।१२।२५ गते समेतको निर्णयबाट पुजीगततर्फ सडक, सिँचाई, खानेपानी, भवन निर्माण लगायत शीर्षकमा रु. ७०१००००।- बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ८.३ | | | **क) क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 55281350 | 22142510 | 6.47 |
| सामाजिक क्षेत्र | 194722000 | 150594539.5 | 43.99 |
| पूर्वाधार विकास क्षेत्र | 163210000 | 97785688.91 | 28.57 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 20500000 | 9767228 | 2.85 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 75897798.08 | 62027628.66 | 18.12 |
| जम्मा | 509611148.1 | 342317595.1 | 100 |

**ख) चौमासिक पूँजिगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | संघिय सरकार | 15630 | 0 | 6788 | 8842 | 4284 |
| २ | प्रदेश सरकार | 5000 | 0 | 5000 | 0 | 0 |
| ३ | गाउँपालिका | 112627 | 13300 | 15527 | 83799 | 47661 |
| | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४ | कूल खर्च: | 133257 | 13300 | 27315 | 92641 | 51945 | | |
| | | | | ५ | खर्च प्रतिशत | | 9.98 | 20.50 | 69.52 | 38.98 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.४ | | | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमको योजना | 9 | 900000 |
| २ | रु. १ लाख देखि ५ लाख सम्मका योजना | 97 | 31100000 |
| ३ | रु. ५ लाख देखि १० लाख सम्मका योजना | 31 | 23900000 |
| ४ | रु. १० लाख एक देखि ५० लाख सम्मका योजना | 14 | 74300000 |
| ५ | रु. ५० लाख भन्दा माथिका योजना | 0 | 0 |
| | जम्मा | 151 | 130200000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.५ | | | **कार्यक्रम तथा प्रगतिः** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छनौटमा ध्यान पुर्याउनु पर्दछ । पूजीगत कार्यक्रम तर्फ शुन्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्: | |

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|
| नगर प्रहरी आवास तथा गार्ड कक्ष निर्माण | २०,००,००० | ० | ० |
| पानी किटबक्स | ३,००,००० | ० | ० |
| ल्याबका लागि आवश्यक रिएजेन्ट खरिद | ७९,००० | ० | ० |
| ल्याबका लागि आवश्यक रिएजेन्ट खरिद | १,२१,००० | ० | ० |
| सेमिअटो एनालाइजर मेशिन खरिद (२ वटा) | ४,००,००० | ० | ० |
| आयुर्वेद अ◌ौषधालय प्रिन्टर तथा कम्प्युटर खरिद | ७०,००० | ० | ० |
| आयुर्वेद अ◌ौषधालय प्रिन्टर तथा कम्प्युटर खरिद | ३०,००० | ० | ० |
| ओलाङमा हनि हन्टिङ फेस्टिवल तथा वृत्तचित्र निर्माण | ६,००,००० | ० | ० |
| सम्पत्ति कर सम्बन्धि सफ्टवेयर जडान | ३,४४,००० | ० | ० |
| सम्पत्ति कर सम्बन्धि सफ्टवेयर जडान | १,५६,००० | ० | ० |
| पानिको मुल संरक्षण कार्यक्रम ( पुनर्भरण कार्यक्रम) | ५,००,००० | ० | ० |
| जलवायु मापन केन्द्र स्थापना | ४,००,००० | ० | ० |
| फोहोरमैला व्यवस्थापन | १५,००,००० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | डिपिङ ट्यांक खरिद | १,५०,००० | ० | ० | |
| | | | गाउँप्रहरि तथा कर्मचारि आवास निेमाण ( बहुबर्षिय आयोजना ) | ५,००,००० | ० | ० | |
| | | | नमुना कृषि केन्द्र निर्माण | १०,००,००० | ० | ० | |
| | | | भच्चेक महिला ढाका उधमीहरुको भवन निर्माण | १०,००,००० | ० | ० | |
| | | | सांस्कृतिक संग्रहालय निर्माण | २०,००,००० | ० | ० | |
| | | | गाउँपालीकास्तरिय खेलमैदान | ५०,००,००० | ० | ० | |
| | | | विधालय मर्मत सम्भार | ३,००,००० | ० | ० | |
| | | | विकास साझेदारि | २०,००,००० | ० | ० | |
| | | | चोरी शिकारि नियन्त्रण तथा वन्यजन्तु संरक्षण | ५,००,००० | ० | ० | |
| | | | घ्याच्चोक प्यारिखोला स्ल्याप निर्माण | ५,००,००० | ० | ० | |
| | | | फलाटे सिँचाइ मर्मत | १,५०,००० | ० | ० | |
| | | | अन्नपुर्ण युवा क्लब खेलमैदान निर्माण | ५,००,००० | ० | ० | |
| | | | भर्याङ आमाथुङ नयाँ ट्र्याक विस्तार | २,००,००० | ० | ० | |
| | | | थानिथान पाङसिङ राम्चे सिँचाइ आयोजना | ३,००,००० | ० | ० | |
| | | | अलैँचि भट्टि खरिद | ५,००,००० | ० | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | सुरक्षित नागरीक आवास कार्यक्रम:-गण्डकी प्रदेशको गोरखा जिल्ला क्षेत्र नं १ अन्तर्गत अजिरकोट गाउँपालिका ४० वटा | ५,१०,००० | ० | ० | |
| | | | लघु तथा साना जलबिद्युत आयोजना बाट बिद्युत उत्पादन | ४,००,००० | ० | ० | |
| | | | नम्की कोलकाटे भन्ज्याङ्ग हुदै भिरकुना जाने वाटो निर्माण | १,३६,००,००० | ० | ० | |
| | | | कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गर्नुपर्नेमा गरेको पाइएन । | | | | |
| ९ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः** | | | | |
| ९.१ | | | **फिर्ता गर्न बाँकी अनुदानः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा निम्नानुसार फिर्ता दाखिला गरेको छ ।<br>• संघिय स्रोत तर्फको सर्सत चालु अनुदान आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रकम रु. १७९७६१८१।५०।- मध्ये रु. १५१४२४९२।५०।- मिति २०७८।४।५ मा र रु. २८३३६८९।- मिति २०७८।९।७ मा फिर्ता दाखिला भएको छ ।<br>• प्रदेश सरकार तर्फको सर्सत अनुदान रु. २५०००००।- आर्थिक वर्षको अन्त्यमा खर्च नभइ बाँकी रहेको रु. २५०००००।- मिति २०७८।९।७ मा फिर्ता दाखिला भएको छ । | | | | |
| ९.२ | | | • महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरी कानून बनाएको पाइएन तर पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरेको छ । कानून बनाएर मात्र यस्ता सहायता प्रदान गर्नुपर्दछ । | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **संगठन तथा कर्मचारी व्यवस्थापनः** | |
| १०.१ | | | **कर्मचारी दरबन्दीः** कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छ । पालिकामा कूल दरबन्दी संख्या ५४ मा करार सेवामा २५ जना सहित ४५ पदपूर्ती भई ९ पद रिक्त रहेको पाइयो दरबन्दी अनुसार पदपूर्ती गरिनुपर्दछ । | |
| १०.२ | | | **तलबि प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ तथा सम्बन्धित ऐन वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. ९६८१९४२।- खर्च लेखेको पाईयो । पालिकाले तलबि प्रतिवेदन पास गराएर मात्र खर्च लेख्नु पर्दछ । | |
| ११ | | | **राजस्व आन्तरिक नियन्त्रणः** | |
| ११.१ | | | **राजश्व वाँडफाँडः** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.<br><br>आय शीर्षक: अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी; संकलित रकम: 1326706; प्रदेशलाई पठाउनु पर्ने प्रतिशत: 40; पठाएको रकम: 0; पठाउन बाँकी रकम: 530682.40 | ५३०,६८२.४ |
| ११.२ | | | • पालिकाले प्राप्त गर्नुपर्ने राजश्वको लगत अद्यावधिक गरी राख्नु पर्नेमा लगत अद्यावधिक गरेको पाइएन । | |

Nested table in 11.1:

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | 1326706 | 40 | 0 | 530682.40 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.३ | | | **रकम ढिला दाखिलाः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| ११.४ | | | **आन्तरीक आय सम्वन्धमा देखिएका अन्य व्हयोरा देहायअनुसार छन् :**<br>**राजश्व लेखा अद्यावधिक नभएकोः** आर्थिक कार्यविध तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ५९ मा जुनसुकै माध्यमबाट प्राप्त राजश्व स्वीकृत राजश्व वर्गीकरण र व्याख्या बमोजिम लगती राजश्व आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजश्व लेखा अद्यावधिक गर्नु पर्नेमा सो गरेको पाइएन । वडा कार्यालयमा पठाएको राजश्व रसिद अनुसार आम्दानी भए नभएको परीक्षण गरी राजश्व आम्दानीको भौचर उठाउनु पर्नेमा रसिद नियन्त्रण खाता नराखेको साथै वडा कार्यालयबाट लगेको रसीद पालिकामा फिर्ता गरिएकोमा पनि फिर्ता गर्नु पर्ने जति गरे नगरेको यकिन नभएकोले बास्तविक राजश्व आम्दानी यकिन गर्न सकिएन<br>**परिमाण नखुलाई संझौताः** नदीजन्य पदार्थको संकलन तथा विक्रिको लागि आइ इ इ रिपोर्ट अनुसारको ठेक्का सम्झौता गर्नु पर्नेमा पालिकाले नदीजन्य पदार्थ टयाक्टरको दरमा शुल्क लिइ राजश्व उठाएको पाइयो। अतः पालिकाले नदिजन्य पदार्थको ठेक्का लगाइ आन्तरिक आय बढाउने तर्फ पहल गर्नु पर्ने देखिन्छ । | |
| ११.५ | | | • ऐनको अधिकार अन्तर्गत गाउपालिकामा जारी भएका ऐनहरु गाउँसभाको जिम्मेवारीमा र नियम ,कार्यविधि, निर्देशिका लगायतका कानूहरु गाउँकार्यपालिकाको जिम्मावारीमा जारी भएको र अद्यावधिक हुने गरेको छ । | |
| १२ | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |
| १२.१ | | | • साविक गाउँपालिका / नगर पालिकाका, संघीय विषयगत कार्यालयको सम्पत्ति र साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरी राख्नु पर्नेमा अद्यावधिक गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.२ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको पाइएन । | |
| १२.३ | | | • सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख नभएको र सम्पतिको संरक्षण र उपयोग सम्बन्धि नीति र मापदण्ड बनेको पाइएन । | |
| १३ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन,२०५८ को दफा ८ मा रोजगरावाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदातावाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाका निम्न पदाधिकारीहरुको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेकोले छुट पारिश्रमिक कर रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु | ५,२१६ |

| नाम थर | वार्षिक आय | कट्टी रकम | करयोग्य आय | तिर्नुपर्ने कर | तिरेको कर | नपुग कर |
|---|---|---|---|---|---|---|
| समिर पोख्रेल | ४७७८७० | ० | ४७७८७० | ७२८७ | ४६७९ | 2608 |
| राज तामाङ | ४७७८७० | ० | ४७७८७० | ७२८७ | ४६७९ | 2608 |
| जम्मा | | | | | | 5216 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४</td><td>२७</td><td>२०७७-१०-९</td><td>सामाजिक तथा आर्थिक लेखापरिक्षण<br>स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय मध्ये आधारभुत तह ( कक्षा १ देखि ५, कक्षा १ देखि ८) सञ्चालित विद्यालयहरुको लागि प्रति विद्यालय रु १० हजारका दरले र माध्यामिक तह (कक्षा १ देखि १०, कक्षा १ देखि १२) सञ्चालित प्रति विद्यालयलाई रु १५ हजारका दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण लगायतका क्रियाकलाप संचालन गर्नको लागि एकमुष्ट अनुदान दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका ०७७।७८ को क्रियाकलाप न.२.७.१३.१० मा उल्लेख छ। पालिकाले यस वर्ष सामजिक तथा आर्थिक लेखापरीक्षण गर्ने २९ विद्यालयहरुलाइ रु.३३०००० अनुदान निकासा दिएकोमा ६ विद्यालयहरुले लेखापरीक्षण गराएको प्रमाण पालिकामा उपलब्ध गराएका छैनन्। प्रत्येक वर्ष सामाजिक तथा आर्थिक लेखापरीक्षण कार्यको लागि निकासा दिने लिने तर विद्यालयहरुले परीक्षण गराई पारदर्शिता र जवाफदेहिती मुल्यांकन नगर्ने प्रचलनले विद्यालयको आर्थिक अनुशासन कायम नहुने अवस्था रहेको छ । अत पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न ६ विद्यालयहरुले लेखापरीक्षण गराएको प्रमाण पेश गर्नु पर्ने रु
<table>
<tr><th>सि नं</th><th>विद्यालयको नाम</th><th>सामाजिक आर्थिक लेखापरिक्षण अनुदान</th></tr>
<tr><td>१</td><td>देवलस्वांरा प्रा.वि</td><td>10000</td></tr>
<tr><td>२</td><td>चन्द्रकला प्रा.वि</td><td>10000</td></tr>
<tr><td>३</td><td>देविस्थान प्रा.वि</td><td>10000</td></tr>
<tr><td>४</td><td>मुच्चोकटार नि.मा.वि</td><td>10000</td></tr>
<tr><td>५</td><td>ज्ञानज्योति प्रा.वि</td><td>10000</td></tr>
<tr><td>६</td><td>जनप्रभात प्रा.वि</td><td>10000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>60000</td></tr>
</table></td><td>६०,०००</td></tr>
<tr><td>१५</td><td>२७</td><td>२०७७-१०-९</td><td>विद्यालय सुधार योजना</td><td>१८०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय हरु मध्ये आधारभुत तह सञ्चालित विद्यालयका लागि प्रति विद्यालय रु १५ हजार माध्यामिक तह सञ्चालित विद्यालयहरुलाई प्रति विद्यालय २० हजार दरले विद्यालय सुधार योजना सञ्चालन कार्यको लागि एकमुष्ट अनुदान निकास दिने र यस प्रकारको अनुदान पाउने विद्यालयले विद्यालय सुधार योजना निर्माण सहयोगि पुस्तिका २०७४ बमोजिम विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गरेको विवरण अनिवार्य रुपमा स्थानीय निकायलाई उपलब्ध गराउनु पर्ने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७।७८ को कृयाकलाप नम्बर २.७.१३.१० मा उल्लेख छ। यस वर्ष पालिकाले विद्यालय सुधार योजना कार्यको लागि २९ विद्यालयलाई रु.४७५००० उपलब्ध गराएको र अनुदान उपलब्ध गराएकोमा ११ विद्यालयले विद्यालय सुधार योजना अध्यावधिक गरेको विवरण यस पालिकामा पेश गरेका छैनन। विद्यालय सुधार योजना अध्यावधिक गरेको विवरण पेश नगर्ने विद्यालयलाई यस प्रकारको अनुदान दिन मिल्ने देखिदैन अत यस प्रकारको अनुदान निकासा पाएका तपसिलका ११ विद्यालयले आ व ०७७।७८ मा विद्यायल सुधार योजना अध्यावधिक गरेको विवरण स्थानीय तहमा पेश गरेको प्रमाण पेश गर्नु पर्ने अन्यथा सम्बन्धित विद्यालयबाट उक्त अनुदान फिर्ता प्राप्त गरी संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु | |

| सि नं | विद्यालयको नाम | विद्यालय सुधार योजना अनुदान रकम |
|---|---|---|
| १ | महादेवस्थान नि.मा.वि | 15000 |
| २ | मिलिम प्रा.वि | 15000 |
| ३ | देवलस्वांरा प्रा.वि | 15000 |
| ४ | जिवनज्योति मा.वि | 20000 |
| ५ | सितलडांडा प्रा.वि | 15000 |
| ६ | हिमालय मा.वि | 20000 |
| ७ | देविस्थान प्रा.वि | 15000 |
| ८ | मुच्चोकटार नि.मा.वि | 15000 |
| | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>ज्ञानज्योति प्रा.वि</td><td>15000</td></tr>
<tr><td>१०</td><td>भालेढुङ्गा लक्ष्मी प्रा.वि</td><td>15000</td></tr>
<tr><td>११</td><td>चतुर्माला मा.वि</td><td>20000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>180000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>बढी निकासा<br>स्थानिय तहले कार्यरत शिक्षकको तलव भत्ता सम्वन्धि एकिन विवरण शिक्षा विकास तथा समन्वय इकाइवाट प्राप्त गरि वा अद्यावधिक गरि सोही अनुसार दरवन्दीमा, शिक्षक अनुदान कोटामा र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकका लागी विधालयवाट प्राप्त माग फाराम रुजु गरी अनुदान दिनुपर्ने कार्यक्रम कार्यन्वयन पुस्तिकाको क्रियाकलाप नं १.१.१.६७ मा व्यव्था रहेको छ।पालिकामा सञ्चालनमा रहेका विधालयमध्ये नमुना छनौटका आधारमा हिमालय माविको तलव भत्ता निकासाको परिक्षण गर्दा दोस्रो चौमासिकमा रु.२८७०२०६ माग गरिएकोमा रु.२८८३६४२ निकासा भएकोले बढी निकासा भएको रु.१३४३५ र चौथो चौमासिकमा रु.२०८०९७९ माग गरिएकोमा रु.२०८१९२० निकासा भएकोले बढी निकासा रु.९४१ समेत कुल रु.१४३७६ माग भन्दा वढी निकासा भएको पाइयो।यसरी माग भन्दा वढि निकासा भएको रकम सम्वन्धित विधालयवाट फिर्ता गरि संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.</td><td>१४,३७६</td></tr>
<tr><td>१७</td><td>१९३</td><td>२०७८-३-३०</td><td>अनुदान फिर्ता<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रको आ.व २०७७।७८ को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत शशर्त अनुदान तर्फ सि.न २.७.२५.६२ खर्च शिर्षक २६३३२ मा कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजिकरणका लागी शैक्षीक कार्यक्रममा रु.२४२१००० विनियोजन भएको र सोही कार्यक्रमको कार्यान्वियन निर्देशन पत्रमा उल्लेखित बुंदा नम्बर १.२ मा शिक्षक तथा विद्यार्थिलाइ CUG सेवामा आवद्ध गर्न विद्यालयलाइ अनुदान अन्तर्गत (क) र (ख) ले व्यवस्था गरेबमोजिम सामुदायीक विद्यालयहरुमा अध्ययनरत कक्षा ४ देखि कक्षा १२ सम्म का विद्यार्थिहरु संख्या एकिन गरि प्रति विद्यार्थि मासिक रु.१२५ का दरले ३ महिनाको रकम विद्यालयलाइ अनुदान उपलब्ध गराउने भन्ने व्यवस्था अनुरुप २४ विद्यालयलाइ रु.८५२००० अनुदान दिएको पाइयो । पालिकाले दिएको जानकारी अनुसार यस आ.व २०७७।७८ मा CUG शैक्षीक कार्यक्रम सञ्चालन नभएकोले उक्त अनुदानको रकम निम्न विद्यालयहरुबाट फिर्ता गरि सघींय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>क्र.स</th><th>विद्यालयको नाम</th><th>CUG अनुदान</th></tr>
</table>
</td><td>८५२,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | धनसिरा मा.वि | 62250 | | |
| | | | | २ | महादेवस्थान नि.मा.वि | 19125 | | |
| | | | | ३ | मिलिम प्रा.वि | 8250 | | |
| | | | | ४ | स्यार्तान नि.मा.वि | 28125 | | |
| | | | | ५ | बलाङ प्रा.वि | 7125 | | |
| | | | | ६ | प्रभा मा.वि | 60750 | | |
| | | | | ७ | बुद्धज्योति नि.मा.वि | 17250 | | |
| | | | | ८ | भच्चेक प्रा.वि | 17250 | | |
| | | | | ९ | ज्ञानज्योति मा.वि | 161250 | | |
| | | | | १० | जिवनज्योति मा.वि हंसपुर | 49500 | | |
| | | | | ११ | पार्वति प्रावि | 1500 | | |
| | | | | १२ | सितलडांडा प्रा.वि | 4875 | | |
| | | | | १३ | हिमालय मा.वि | 133125 | | |
| | | | | १४ | शिवालय प्रा.वि | 14250 | | |
| | | | | १५ | कालिका प्रा.वि | 7875 | | |
| | | | | १६ | जिवनज्योति मा.वि सिमजुङ | 69000 | | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १७ | चन्द्रकला प्रा.वि | 6375 | | |
| | | | | १८ | उमामहेश्वर प्रा.वि | 3750 | | |
| | | | | १९ | मुच्चोकटार नि.मा.वि | 28875 | | |
| | | | | २० | जनप्रभात प्रा.वि | 7500 | | |
| | | | | २१ | झंकपुरी प्रा.वि | 4125 | | |
| | | | | २२ | भालेढुङ्गा लक्ष्मी प्रा.वि | 5250 | | |
| | | | | २३ | ताराचन्द्र मा.वि | 33000 | | |
| | | | | २४ | चतुर्माला मावि | 101625 | | |
| | | | | | जम्मा | 852000 | | |
| | | | . | | | | | |
| १८ | | | **पेश्की व्यवस्थापनः**<br>**पेश्की फर्छौटः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) अनुसार पेश्की लिने व्यक्ति वा सस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र पेश्की फर्छौट गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले उपलब्ध गराएको फर्छौट गर्न बाँकी पेश्कीको मास्केवारी तथा म.ले.प.फा.नं. २७२ को वित्तिय प्रतिवेदनको अनुसूची २३ अनुसार अजिरकोट गोरखाली मन्दिर तथा पर्यटकीय पूर्वाधार निर्माण कार्यको मिति २०७८।३।२४ मा निर्माण व्यवसायी सागर/सचेत जे.भि.लाई गएको मोविलाइजेशन पेश्की रु. ५००००००।- फर्छौट गर्न बाँकि रहेकोले नियमावली अनुसार उक्त रकम फर्छौट गर्नुपर्दछ । | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | २४० | २०७८-१-३१ | **भरपाइ वेगरको खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुस्टी गर्ने विल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।२३४ किसिमका बालकक्षा शैक्षीक सामाग्री खरिद गरि अनुग्रह फाउण्डेशन प्रालि लाइ रु.४९३११३ भुक्तानी भएको छ।उक्त शैक्षीक सामाग्री हालसम्म पनि पालिकाको स्टोरमा रहेको पाइयो।सो सामाग्री वितरण गरि वितरण भरपाइ पेश गर्नुपर्ने रु. | ४९३,११३ |
| २० | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरी भुक्तानी गरेको रकम नियम सम्मत नभएको रु. | १,६८८,७४८ |

| भौ. नं.,/मिति | भुक्तानी पाउने | काम तथा खरिद विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ५५।२०७७।७।३ | गोरखकाली अफसेट प्रेस प्रालि | बजेट किताव छपाइ | 491550 |
| २५३।२०७८।२।२ | सिम्को विजनेश सिस्टम प्रालि | योजना किताव छपाइ | 497200 |
| १७९।२०७७।१२।१८ | मध्य नेपाल सामुहिक भेट फर्मा | पशु तथा कृषि औसधि | 499998 |
| २१७।२०७८।१।२२ | ढकाल भेटनरी सेवा | पशु तथा कृषि औसधि | 200000 |
| जम्मा | | | 1688748 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | २९२ | २०७८-२-२८ | **कृषि तथा पशु अनुदान**<br>सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी | ३७,६२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मात्र वितरण गर्नुपर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत गाउंपालिका बाट संचालित केही कार्यक्रमहरु देहायअनुसार छन्। | |

| विवरण | लाभग्रही संख्या | अनुदान रकम |
|---|---|---|
| पकेट विकास कार्यक्रम | ६५ परिवार | 2400000 |
| साना सिचांइ कार्यक्रम १५ वटा कुलो निर्माण | | 1000000 |
| बांझो जग्गा खेती कार्यक्रम | ६० परिवार | 1236000 |
| फलफुल विरुवा उत्पादन | सवै वडाहरुमा | 385000 |
| व्यवसायीक च्याउ खेती कार्यक्रम | १० कृषक समुह | 100000 |
| ओखर खेति विस्तार कार्यक्रम | ५ परिवार | 85000 |
| रेन्वो ट्राउट माछा पालन अनुदान | १० परिवार | 200000 |
| गाइ भैंसी गोठ सुधार कार्यक्रम ५० प्रतिशत अनुदान | सवै वडाहरुमा | 300000 |
| जम्मा | | 5706000 |

अनुदान वितरण पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन समेत लिनुपर्दछ ।

कार्यालयले मकैको विउ(रामपुर कम्पोजिट) खरिद गरि वितरण गर्न रु.१२१२२० खर्च गरेको छ । जसमा मकैको विउ(रामपुर कम्पोजिट) प्रति केजि रु.१४५ का दरले ८३६ केजि खरिद गरेको छ भने जिल्ला दररेट अनुसार प्रतिकेजि रु.१०० मुल्य कायम रहेको छ।जुन आन्तरिक लेखापरिक्षण प्रतिवेदनमा समेत औंल्याएको छ ।जिल्ला दररेट भन्दा रु.४५ बढी दरले ८३६ केजि खरिदमा रु.३७६२० बढी भुक्तानी हुन गइ पालिकालाइ बढी ब्ययभार पर्न गएको रु

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
